Regd. No 1214/066/067

# दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड

# Dordi Khola Jal Bidyut Company Limited

Tripureshwor, Kathmandu, Nepal

च. नं.: ८६/०८१/८२

मिति : पौष ०५, २०८१

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

**विषय : वार्षिक साधारण सभा सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति पौष ०५, २०८१ गते शुक्रबार दिउँसोको ४:१५ बजे बसेको संचालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको आ.व. २०८०/८१ को वार्षिक साधारण सभा मिति पौष २९, २०८१ (जनवरी १३, २०२५) गते सोमबार बिहानको ८:०० बजे हुने निर्णय भएको जानकारी गराउँदछौं । साथै उक्त साधारण सभामा पेश गरिने प्रस्तावहरु निम्न बमोजिम रहेका छन् ।

**१) साधारण प्रस्तावहरु**

- क) संचालक समितिको आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
- ख) आ. व. २०८०/८१ को लागि लेखा परिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक अनुमोदन गर्ने ।
- ग) लेखा परिक्षकको प्रतिवेदन सहित आ.व. २०८०/८१ को वासलात, नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।
- घ) आ.व. २०८१/८२ को लागि लेखा परिक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।
- ङ) कम्पनीको प्रबन्धपत्र तथा नियमावली बमोजिम ४ जना संस्थापक समूहका संचालकहरुको नियुक्ति गर्ने ।

**२) विशेष प्रस्तावहरु**

- क) जारी पूँजी संशोधन सहित कम्पनीको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने ।
- ख) नियमक निकायहरुको निर्देशनमा प्रबन्धपत्र तथा नियमावलीका प्रस्तावित संशोधनहरुमा परिमार्जन तथा थपघट गर्न आवश्यक भएमा सो गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**३) विविध**

साथै उक्त वार्षिक साधारण सभा प्रयोजनको लागी कम्पनीको शेयरधनी दर्ता पुस्तिका तथा शेयर दाखिला खारेजीको कार्य मिति पौष १४, २०८१ गते एक दिनको लागि बन्द रहने छ । शेयरधनी पुस्तिका बन्द भएको अघिल्लो दिन मिति पौष १३, २०८१ सम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोवार भई सात (७) कार्य दिन भित्र दाखिल खारेजको लागी प्राप्त शेयरहरुबाट कायम रहेका शेयरधनीहरु वार्षिक साधारण सभामा भाग लिनको लागि योग्य हुनेछन् ।

भवदीय,

..................
कञ्चन चौधरी
परिपालन अधिकृत

**बोधार्थ**

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, सिंहदरवार, काठमाण्डौ ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौ ।
श्री विद्युत नियमन आयोग, साना गौचरण, काठमाण्डौं ।

P.O. Box : 20290, Blue Star Complex, Tripureshwor, Kathmandu, Nepal
Tel: 01-4232748, 4232749, 4232750, Email: dordi1hep@gmail.com, URL : www.dordikhola.com.np